# मदाने गाउँपालिका

## गुल्मी जिल्ला, प्रदेश नं. ५, नेपाल

# मदाने राजपत्र

| वर्ष : १ | अंक : ५ |
|---|---|

## भाग : २

गाउँकार्यपालिकाबाट मिति २०७४।११।०२ मा एक गाउँपालिका एक घाँसेबाली स्रोतकेन्द्र स्थापना तथा संचालन कार्यविधि २०७५ बमोजिम सार्वजनिक जानकारीको लागि देहाय बमोजिम प्रकाशन गरिएको छ ।

## एक गाउँपालिका एक घाँसेबाली स्रोतकेन्द्र स्थापना तथा संचालन कार्यविधि २०७४

आज्ञाले
सुरेश भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

| कार्यविधि संख्या :- | ५ |
|---|---|

# एक गाउँपालिका एक घाँसेबाली स्रोतकेन्द्र स्थापना तथा संचालन कार्यविधि २०७४

| सभाबाट स्वीकृत मिति :- | २०७४।११।०२ |
|---|---|

मदाने गाउँपालिका

# मदाने गाउँपालिका

**पुर्कोटदह, गुल्मी**

**प्रदेश नं. ५, नेपाल**

# एक गाउँपालिका एक घाँसेबाली स्रोतकेन्द्र स्थापना तथा संचालन कार्यविधि २०७४

## प्रस्तावना

नेपाली समाजमा बिभिन्न कारणले एकल रुपमा रहेका महिलाहरुको आर्थिक गतिबिधीहरुमा न्यून सहभागिताको कारण निजहरुको क्षमता अनुसार आर्थिक योगदान हुन सकेको छैन जसले गर्दा समाजमा हुने बिभिन्न बिकास निर्माणका निर्णय प्रकृयाहरुमा निजहरुको न्यून सहभागिता देखिन्छ । पशुपन्छी विकास मन्त्रालयको प्रतिवद्धता र मदाने गाउँपालिकाको एकल महिला लक्षित पशुपालन सवलिकरण कार्यक्रमलाई सहज सरल पारदर्शी र प्रभावकारी रुपमा संचालनगर्नका लागि मदाने गाउँपालिका गाउँ कार्यपालिकाले एकल महिला लक्षित बाख्रापालन सवलिकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७४ जारी गरेको छ ।

## परिच्छेद १ प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**:

क। यो कार्यविधिको नाम "**एकल महिला लक्षित बाख्रापालन सवलिकरण कार्यक्रम कार्यान्वयन कार्यविधि**, **२०७४**" रहेको छ।

ख। यो कार्यविधि मदाने गाउँपालिका गाउँ कार्यपालिकावाट स्वीकृत भए पछि प्रारम्भ हुनेछ।

**यो कार्यविधि स्वीकृत हुनु भन्दा पहिला सम्पादित कार्य यसै कार्यबिधि बमोजिम सम्पादन भएको मानिने छ ।**

**२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधि प्रयोजनका लागि**

“**क)** **"गाउँपालिका"** भन्नाले मदाने गाउँपालिका सम्झनु पर्नेछ ।

**ख)** "**शाखा**" भन्नाले पशु सेवा शाखा सम्झनु पर्नेछ ।

**ग)** "**कार्यालय**" भन्नाले मदाने गाउँपालिकाको कार्यालय सम्झनु पर्नेछ ।

घ) "**कार्यविधि**" भन्नाले **एकल महिला लक्षित बाख्रापालन सवलिकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७४"** सम्झनु पर्नेछ ।

**ङ)** " **एकल महिला**" भन्नाले आर्थिक दृष्टीले विपन्न देहायका महिला सम्झनु पर्दछ ।

1. सम्बन्ध विच्छेद गरेकी महिला ।
2. विधवा महिला।
3. पैतिस वर्ष उमेर पुरा गरेकी अविवाहित महिला ।

मदाने गाउँपालिका

4. पाँच वर्ष भन्दा बढी समय देखि पति हराएको वा वेपत्ता भएको महिला ।

**जिविकोपार्जनका लागि एकल महिला लक्षित बाख्रापालन सवलिकरण कार्यक्रम**

**३. कार्यक्रम संचालन हुने वडाहरू**

मदाने गाउँपालिका का स्वीकृत कार्यक्रममा तोकिएको हकमा सवै वडाहरूमा सो अनुसार संचालन हुनेछ ।

**४. कार्यक्रमका विषयगत क्षेत्रहरु**

क। बाख्रापालन कार्याक्रम : वाख्रा खरिद, खोर निर्माण, खोप, आहारा र परजिवि नियन्त्रण कार्यका लागि सहयोग गरिनेछ । एक कृषकले दुई बाख्राको पाठी कम्तीमा १५ के जी जिउदो तौल र प्रजनन योग्य उमेर पुगेको खरिद गर्नुपर्नेछ ।

**५. कार्यक्रम सन्चालन प्रकृया**

मदाने गाउँपालिका पशु सेवा शाखाले प्रस्ताव सम्वन्धी सूचना अनुसुचि १ बमोजिम सम्वन्धित वडाहरूमा सुचना प्रवाह गर्ने छ ।

अ. प्रस्तावक कृषकहरुले निवेदन सम्वन्धित वडाहरूमा पेश गर्नुपर्ने ।

मदाने गाउँपालिका

आ. प्राप्त हुन आएका प्रस्तावहरु छनौट तथा मुल्याङ्कन गर्न देहाय वमोजिम समिति रहनेछ ।

**छनौट तथा मुल्यांकन समिति**

1. सम्वन्धित वडाका वडा अध्यक्ष संयोजक
2. सम्वन्धित वडाका सदश्य सदस्य
3. सम्वन्धित वडा सदस्य सचिव

इ. कृषकहरुवाट प्राप्त निवेदनहरु छनौट तथा मुल्यांकन समितिले छनौट गरी अनुमोदन गर्नुपर्नेछ।

ई. मुल्यांकन समितिले अनुमोदन गरेपछि अनुसुचि ३ बमेजिम सम्झोता गरि कार्यक्रम कार्यान्वयन गरिनेछ । छनौट भएका सम्वन्धित वडाका एकल महिला कृषकहरु कम्तीमा ५ देखि१० जनाको अति विपन्न , असाय महिलाहरूको समुह गठन गर्नुपर्नेछ ।

## ६. आर्थिक नर्म्स

| सि.नं. | कार्य विवरण | ईकाई | परिमाण | वजेट रु | कैफियत |
|---|---|---|---|---|---|
| | **बाख्रा पालन कार्यक्रमका लागि प्रति व्यक्ति** | | | | |
| १ | बाख्रा वितरण प्रति कृषक | संख्या | १ | ५,००० | प्रति व्यक्ति रु १०००० का दरले १० |

महिला गाउँपालिका

| | | | | | |
|---|---|---|---|---|---|
| २ | बाख्राको खोर निर्माण प्रति कृषक | संख्या | १ | ५००० | कृषकलाई जम्मा रु १००,००० अनुदान दिइने छ ।सवै अनुदान रकम ५० प्रतिशत को हुने छ । अन्य मसलन्द खर्च सम्वन्धित समुहले बेहोर्नु पर्ने छ । |
| ३ | परजिवि नियन्त्रण अन्य प्राविधिक सहयोग | | | | मदाने गाउँपालिका पशु सेवा शाखाले गर्ने छ । |

## ७. आर्थिक प्रशासन

कार्यक्रमको लेखा, लेखाकंन, लेखा परिक्षण तथा आर्थिक कारोबार गर्दा आर्थिक कार्यविधि ऐन, २०५५ आर्थिक कार्यविधि नियमावली, २०६४, सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम गरिनेछ।

## ८. अनुगमन ,मुल्याकंन तथा प्रतिवेदन सम्बन्धि व्यवस्था

यस कार्यक्रमको अनुगमन, मुल्याकंन मदाने गाउँपालिका पशु सेवा शाखाले गर्नेछ ।

## ९. थपघट वा हेरफेर गर्न सक्ने

क। यो कार्याविधिको कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी वनाउन गाउँ कार्यपालिकाले आवश्यकता

अनुसार थपघट ,हेरफेर तथा खारेज गर्न सक्नेछ ।

ख। यस कार्याविधिको कार्यान्वयमा कुनै वाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो वाधा अवरोध फुकाउने प्रयोजनका लागि गाउँ कार्यपालिकाले आवश्यकता अनुसार व्याख्या गर्न सक्नेछ ।

मद्दोते गाउँपालिका

# *अनुसूची - १*

# प्रस्ताव आह्वानको सूचनाको ढाँचा

मदाने गाउँपालिका को आ.व. २०...../.....को वार्षिक स्वीकृत **एकल महिला लक्षित बाख्रापालन** कार्यक्रम संचालन गर्नको लागि मदाने गाउँपालिका मा वसोवास गरेका एकल महिलालाइ प्रस्ताव आह्वानको लागि यो सार्वजनिक सूचना प्रकाशित गरीएको छ । इच्छुक उल्लेखित एकल महिलाका समुह/समितिले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन भित्र तपशिलमा उल्लेखित विवरण सहितको आवेदन फाराम मदाने गाउँपालिका का कार्यक्रम स्विकृत भएका वडा कार्यालयहरूमा पेश गर्न हुन जानकारी गराईन्छ । प्रस्तावकहरुले सरकारी निकायवाट विगत १ आर्थिक वर्षसम्ममा एकलाख रुपैया भन्दा माथीको नगद तथा वस्तुगत अनुदान सहयोग लिई सकेको भए छनौट प्रकृयामा समावेस गराईने छैन । विस्तृत जानकारीका लागि **मदाने गाउँपालिका पशु सेवा शाखा र सम्वन्धित वडा** मा सम्पर्क राख्नु हुन अनुरोध छ ।

**क) संलग्न हुनुपर्ने कागजातहरुः**

1. आवेदन फाराम
2. कार्ययोजना सहितको प्रस्ताव
3. नेपाली नागरिकताको प्रतिलिपी
4. निर्णय प्रतिलिपि
5. एकल महिला हो भनि प्रमाणित गराउने कागज पत्र

# *अनुसूची - २*

# संम्झौता पत्र

मदाने गाउँपालिकाको स्वीकृत कार्यक्रमनुसार आ.व............. मा संचालन हुने एकल महिला लक्षित बाख्रापालन कार्यक्रमका लागि छनौट भएका एकल महिला समुह श्री ........................................................ (यस भन्दा पछाडि दोश्रो पक्ष भनिने) र मदाने गाउँपालिका (यस भन्दा पछाडि पहिलो पक्ष भनिने ) बीच तपशिलका सर्तहरुको अधिनमा रहि कार्यक्रम संचालन गर्न द्वीपक्षीय संम्झौता भएको छ

तपसिल :

1. कार्ययोजना अनुसार कार्यक्रम र क्रियाकलापहरु तोकिएको अवधीमा सम्पन्न गर्नु दोश्रो पक्षको जिम्मेवारी हुनेछ ।
2. पहिलो पक्षले दोश्रो पक्षलाई कार्यक्रम संचालनको लागि दिनुपर्ने अनुदान रकम समुहको खातामा जम्मा गर्ने छ । खातामा रकम फिल्डभेरीफिकेशन पछि संझौता अनुसारको कार्यसंपादन भएपछि मात्र उपलव्ध गराईनेछ ।
3. पहिलो पक्षवाट तोकिएको प्राविधिक विषयवस्तुलाई दोश्रो पक्षले अनिवार्य रुपमा पालना गर्नुपर्ने छ ।
4. पहिलो पक्षवाट प्राप्त अनुदान सहयोगलाई दोश्रो पक्षले कम्तिमा पनि ३ वर्षसम्म मास्न वा दुरुपयोग गर्न पाउने

छैन र त्यसो गरेको पाईएमा निजको सो रकम असुल उपरको लागि प्रचलित कानुन वमोजिम आवश्यक कारवाही गरिनेछ । व्यवसायवाट उत्पादित बस्तुको बजार व्यवस्था दोश्रो पक्ष स्वंयमले नै गर्नुपर्नेछ।

5. पहिलो पक्षले नियमित रुपमा अनुदान प्राप्त गर्नेको अनुगमन गर्नेछ।
6. यस संम्झौतामा उल्लेखित काम गर्दा परि आउन सक्ने कुनै पनि भवितव्यको पुर्ण जिम्मेवारी दोश्रो पक्ष स्वयम् हुनेछ ।
7. मदाने गाउँपालिकाले आवश्यक ठानेका अन्य विषयवस्तु थप हुन सक्नेछन्

**प्रथम पक्ष** **दोश्रो पक्ष तर्फवाट सहि गर्नेको नाम** मदाने गाउँपालिका तर्फवाट सहि गर्नेको

| | |
|---|---|
| नाम : | नाम : |
| पद : | पद : |
| दस्तखत : | दस्तखत: |
| मिति : | मिति : |
| कार्यालयको छाप: | रोहवर |